# प्रेस विज्ञप्ती

चैत्र २३, २०७८

# सिद्धार्थ बैंक र बाँसबारी क्लबबीच सम्झौता

सिद्धार्थ बैंक लिमिटेडले शहिद स्मारक बि डिभीजन फुटबल प्रतियोगितामा सहभागी हुन बाँसबारी-३, काठमाडौँ स्थित बाँसबारी क्लबलाई चार लाख रुपैँया प्रदान गरी प्रायोजन गर्ने सहमति गरेको छ । उक्त सहमति पत्रमा बैंकका तर्फबाट प्रमुख भ्याली रिसोर्सेस श्री प्रदिप पन्त ज्यू र बाँसबारी क्लबका तर्फबाट अध्यक्ष श्री प्रेम थापा ज्यूले हस्ताक्षर गर्नुभएको छ ।

खेलाडीहरुको हितलाई मध्यनजर गर्दै बैंकद्वारा सो रकम खेलाडीहरुको खेल तयारी र आवश्यक खेल समाग्री खरिद गर्न क्लबलाई प्रदान गरिएको हो । बैंकले विगतदेखि नै विभिन्न खेल तथा खेलकुद आयोजनाहरुमा सहभागिता जनाउदै आएको छ । उक्त सम्झौताले  खेलाडीहरुमाझ खेलप्रति झनै धेरै उत्साहित बनाएको छ । साथै यस्ता सम्झौताहरुले खेलाडीहरुलाई खेलमा उत्प्रेरित गराउने र खेलाडीहरुको विकासमा योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ ।